**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 06.10.2023**

## सेन्टर डिजास्टर

केन्द्र सरकारले बाढीग्रस्त सिक्किका लागि आपदा सहायताको रूपमा लगभग पैंतालिस करोड़ रूपियाँ जारी गर्ने स्वीकृति प्रदान गरेको छ।

यो 2023-2024 सालका लागि राज्य आपदा कार्वाई कोषबाट केन्द्रीय हिस्साको राशी हो।

यसको उद्देश्य पीड़ित व्यक्तिहरूका लागि राहत उपलब्ध गराइनमा राज्यलाई सहयोग गर्नु हो।

केन्द्रीय गृह मन्त्रालयले क्षतिको लेखाजोखा गर्न एउटा अन्तर्मन्त्रालय केन्द्रीय दल गठन गरेको छ।

गृह मन्त्रालयले भनेको छ यस टीमले चाँड़ैनै सिक्किमका बाढ़ीग्रस्त क्षेत्रहरूको भ्रमण गर्नेछ र क्षतिको आंकलनको आधारमा राज्यलाई अतिरिक्त केन्द्रीय सहायता राशी स्वीकृत गरिनेछ।

केन्द्र सरकारले सिक्किमको स्थितिमाथि ध्यान दिइरहेछ।

केन्द्रले स्थितिको प्रभावी ढंगमा सामना गर्नका लागि सिक्किमि सरकारलाई राष्ट्रिय आपदा प्रतिक्रिया बल एनडिआरएफ का पर्याप्त टीमहरू भारतीय वायु सेनाको हेलीकप्टर र आवश्यक खोजी तथा उद्यार उपकरण पनि उपलब्ध गराइरहेछ।

विद्युत विद्युत दूरसंचार तथा सड़क राजमार्ग र परिवहन मन्त्रालयका तकनिकी टीमहरूले क्षतिग्रस्त पूर्वाधार र संचार नेटवर्क पुनर्वहाल गर्नमा सहयोग गरिरहेछन।

यहाँहरूलाई थाहै होला गत मंगलबार अत्यधिक वर्षाका कारण ल्होनाक झील पानीले टिस्टा नदीमा अचानक आएको बाढ़ीले कैयौं पुल, राष्ट्रिय राजमार्ग -10 का केही भाग र चुङथाङ बाँध क्षतिग्रस्त हुनका साथै पूर्वाधार परियोजनाहरू भत्किएकाछन।

## सिएम भिजिट रम्फू सिङताम

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज बाढ़ी प्रभावित क्षेत्रहरू रम्फू र सिङतामको भ्रमण गर्नुभयो।

भ्रमणावधिमा उहाँले क्षतिको आंकलन र राहत तथा पुनर्स्थापना कार्यबारे जानकारी लिनुभयो।

सिङ्ताम उच्चतर माध्यमिक पाठशालामा राखिएको राहत शिविरमा श्री तामङले पीड़ित परिवारहरूसित भेट गर्नुभयो र भन्नुभयो प्राकृतिक प्रकोपले विस्थापित भएर सामना गर्नु परेका चुनौतीहरूलाई कम गर्न राज्य सरकारले सकेसम्म प्रयास गरिरहेछ।

मुख्यमन्त्रीले शव चिन्हित गरिएका मृतक भारतीय नागरिकहरूका परिवारलाई चार लाख रूपियाँ अनुग्रह राशि प्रदान गर्ने घोषणा गर्नुभएको छ।

उहाँले दुवै क्षेत्रका राहत शिविरहरूमा आश्रय लिएका सबै प्रभावित व्यक्तिहरूलाई आकस्मिक राहत स्वरूप दुई दुई हजार रूपियाँ प्रदान गर्ने घोषणा गर्नुभयो।

श्री तामङले जिल्ला प्रशासनलाई विस्थापित परिवाहरूको पुनर्वासका लागि सकेसम्म सहयोग गर्ने निर्देश दिनुभएको छ।

मुख्यमन्त्रीले भन्नुभयो बचाउने कार्य भइरहेछ र राहत टीमहरूले विस्थापित परिवारहरू चाँड़ै नै सामान्य स्थितिमा आएको सुनिश्चित गर्ने सक्दो प्रयास गरिरहेछन।

**डि सी नाम्ची**

नाम्चीका जिल्लाधीश श्री भरनी कुमारले आज मल्ली उच्चतर माध्यमिक पाठशालामा स्थपना गरिएको राहत शिविरको भ्रमण गर्नुभयो।

उहाँले सम्बन्धित विभागहरूलाई प्रभावित क्षेत्रहरूमा सुरक्षाका उपायहरूसँगै निरन्तर बिजुली तथा पानीको आपुर्ति र अन्य सुविधा उपलब्ध रहेको सुनिश्चित गर्ने निर्देश दिनुभएको छ।

पाकिम जिल्ला अधिन रम्फू क्षेत्रमा खड़ा गरिएका स्वास्थ्य राहत तथा परामर्श शिविरमा चिकित्सा टोलीद्वारा पिड़ीत व्यक्तिहरूलाई चिकित्सा उपचार वाहेक सरसफाई र स्वच्छताबारे परामर्श दिइँदैछ।

**डिक्चु, मंगन ट्राफिक रिज्युम्ड**

डिक्यु मंगन सड़क मरम्मति कार्य पश्चात हलुका वाहनहरूका लागि आज साँझदेखि खुल्ला भएको छ।

चिकित्सा सामग्री र आवश्यक वस्तुहरू ओसार्ने वाहनहरू मंगन गएका छन।

तथापि प्रतिकूल मौसमको कारणले लाचेन, लाचुङ र चुङ्थाङमा फँसेका पर्यटकहरूलाई हेलीकप्टरबाट पनि ल्याउन सकिएन।

यी तीन ठाँउमा सम्पर्क व्यवस्था अझै सुचारू हुन नसकेकोले त्यहाँ फँसेका मानिसहरूलाई परिवारका सदस्यहरूले सम्पर्क गर्न सकेका छैनन।

मंगनबाट एउटा उद्यार टोली चुङ्थाङ प्रस्थान भएको छ।

टोलीका सदस्यहरू जंगु भएर पैदल जानेछन[

आवस्थ्क वस्तुहरू तथा राहत सामग्री फिदाङबाट  घिर्लिङमा लोवर जंगु पठाइयो।

**सिएम रिलिफ फंड**

यसैवीच प्राकृतिक आपदाको समयमा पिड़ीतहरूलाई सहयोग आ- आफ्नै प्रकारले सहयोग गर्न विभिन्न संघसंस्थान, उद्यम तथा प्रतिष्ठानहरू अघि आएका छन▯

सिक्किम ऊर्जा लिमिटेडले मंगन जिल्लाका निम्ति पच्चीस करोड़ रूपियाँ राहत प्याकेजको घोषणा गरेको छ।

यसका कार्यकारी अध्यक्ष श्री सुनिल सरोगीद्वारा आज जारी प्रेस बिज्ञप्ती अनुसार यो धनराशि मंगन जिल्ला स्थानीय क्षेत्र विकास समिति मार्फत खर्च गरिनेछ।

सिक्किम पूर्व बिधायक संघका सदस्यहरूले एक महीनाको पेन्शन मुख्यमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय लिएका छन▯

संघको टोली आवश्यक वस्तुहरू, शिशुहरूका खानेकुरा र अन्य आवश्यक सामग्रीहरू लिएर उत्तर सिक्किमको अत्यधिक प्रभावित क्षेत्रका मानिसहरूसम्म पुग्ने भएको छ।

नेपाली साहित्य परिषद सिक्किमले मुख्यमन्त्री राहत कोषमा दुई लाख रूपियाँ प्रदान गरेको छ।

यसै गरी रूम्तेक गुम्पाको तर्फबाट पनध्र लाख रूपियाँ र बीर गोर्खा पचास हजार रूपियाँ जम्मा गरिएको छ।

प्रबावित परिवारहरूका सहायतार्थ व्यक्ति विशेषले पनि धनराशि भूक्तानका विभिन्न माध्यमद्वारा आर्थिक सहयोग गरिहेछन▯

**डि सी**

गान्तोकको एम जी मार्ग स्थित जिल्ला नियन्त्रण कक्षले मानिसहरू विशेष गरी पर्यटकहरूका लागि आवश्यक सहायता र प्रमुख जानकारी प्रदान गरिरहेछ। जिल्लाधीशद्वारा जारी आदेश अनुसार यस कक्षलाई राहत संग्रह केन्द्र  घोषित गरिएको छ। सिङताम र वरपर क्षेत्रका राहत केन्द्रहरूमा वसेका मानिसहरूलाई आपतकालीन र अन्य राहत सामग्री उपलब्ध गराउन आज विभिन्न संगठन र व्यक्ति विशेषले आज यस केन्द्रमा आवश्यक वस्तुहरू जम्मा गरे। यसै गरी उत्तर सिक्किमका प्रभावित व्यक्तिहरूका लागि राहतका सामग्री पनि यस केन्द्रमा संग्रह गरियो।